नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असोज ९ गते २०५७ साल (अतिरिक्ताङ्क ३६

भाग ३

श्री ५ को सरकार
जनसंख्या तथा वातावरण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी ओजोन तहको संरक्षणको लागि व्यवस्था भएको भियना महासन्धि, १९८५ र ओजोन तहलाई नष्ट गर्ने पदार्थहरु सम्बन्धी मन्ट्रियल प्रोटोकल, १९८७ (मन्ट्रियल प्रोटोकल) को नेपाल पक्ष भई सोही हैसियतले आफ्नो प्रतिबद्धता निर्वाह गर्न सो महासन्धि, प्रोटोकल तथा संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रमका प्रावधानहरु अनुरुप वातावरणमा प्रतिकूल प्रभाव पार्ने पदार्थहरुको प्रयोगमा क्रमिक रुपले बन्देज लगाउने तथा विस्थापन गर्ने क्रममा ओजोन तहलाई नष्ट गर्ने देहायका पदार्थहरुको नेपाल अधिराज्यभित्र हुने वार्षिक पैठारी र उपभोगलाई नियन्त्रण गर्ने उद्देश्यले देहाय बमोजिमको व्यवस्था गरेको छ।

१. ओजोन तहलाई नष्ट गर्ने पदार्थहरुको वार्षिक खपत र पैठारी परिमाण

मन्ट्रियल प्रोटोकलको अनुसूची A, B, C र E मा उल्लिखित ओजोन तहलाई नष्ट गर्ने विभिन्न पदार्थहरु (Ozone Depleting Substances) मध्ये हाल नेपालमा रेफ्रिजरेशन तथा वातानुकूलन लगायत अन्य व्यापारिक, औद्योगिक एवं कृषि क्षेत्र, अस्पताल तथा दमकल इत्यादितर्फ उपयोग भैरहेका निम्न बमोजिमका पदार्थहरुको वार्षिक उपभोग तथा पैठारी परिमाण देहाय बमोजिम निर्धारण गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) **Montreal Protocol: Controlled Substances**

No.	Annex	Group	Chemical Composition of Ozone Depleting Substance	Name of Ozone Depleting Substance	Ozone-Depleting Potential
1.	A	I	Trichlorofluoromethane $CFCl_3$	(CFC-11)	1.0
2.	A	I	Dichlorodifluoromethane CF_2Cl_2	(CFC-12)	1.0

यस तालिकामा उल्लिखित ट्राइक्लोरोफ्लोरोमिथेन (CFC - 11) र डाइक्लोरोडाइफ्लोरोमिथेन (CFC - 12) को विद्यमान संयुक्त वार्षिक उपभोग परिमाण २९.०५८ मेट्रिक टन रहेकोले सन् २००० को लागि यी पदार्थहरुको संयुक्त वार्षिक पैठारी परिमाण २९.०५८ मेट्रिक टनमा नबढाउने गरी निर्धारण गरिएको छ ।

(ख) **Montreal Protocol: Controlled Substances**

No.	Annex	Group	Chemical Composition of Ozone Depleting Substance	Name of Ozone Depleting Substance	Ozone-Depleting Potential
1	C	I	Chlorodifluoromethane CHF_2Cl	(HCFC-22)	0.055

यस तालिकामा उल्लिखित क्लोरोडाइफ्लोरोमिथेन (HCFC - 22) को विद्यमान वार्षिक उपभोग परिमाण २३.०४ मेट्रिक टन रहेकोले हाललाई यस पदार्थको वार्षिक पैठारी परिमाण सन् २००० का लागि २३.०४ मेट्रिक टनमा नबढाउने गरी निर्धारण गरिएको छ ।

(ग) **Montreal Protocol: Controlled Substances**

No.	Annex	Group	Chemical Composition of Ozone Depleting Substance	Name of Ozone Depleting Substance	Ozone-Depleting Potential
1	A	II	Bromochlorodifluoromethane CF_2BrCl	Halon -1211	3.0
2	A	II	Bromotrifluoromethane CF_3Br	Halon-1301	10.0
3	A	II	Dibromotetrafluoroethane $C_2F_4Br_2$	Halon-2402	6.0
4	B	II	Carbon Tetrachloride CCl_4	Carbon Tetrachloride	1.1
5	B	III	1,1,1-trichloroethane $C_2H_3Cl_3$	Methyl Chloroform	0.1
6	E	I	Bromomethane CH_3Br	Methyl Bromide	0.6

यस तालिकामा उल्लिखित कृषि, अस्पताल, दमकल इत्यादितर्फ उपयोग भईरहेका ओजोन तहलाई नष्ट गर्ने अन्य पदार्थहरु जस्तै हेलोन, कार्बन टेट्राक्लोराइड, मिथाइल क्लोरोफर्म, मिथाइलब्रोमाइड इत्यादिको कूल वार्षिक उपभोग परिमाण सन् २००० को लागि दुई मेट्रिक टन रहेको हुँदा यस्ता पदार्थहरुको वार्षिक पैठारी परिमाण समय समयमा तोके बमोजिम हुने गरी दुई मेट्रिक टन निर्धारण गरिएको छ ।

२. ओजोन तहलाई नष्ट गर्ने देहाय बमोजिमका पदार्थहरुको वार्षिक विस्थापन (Phase-out) दर देहाय बमोजिम निर्धारण गरिएको छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) ट्राइक्लोरोफ्लोरोमिथेन (CFC - 11) र डाइक्लोरोडाइफ्लोरोमिथेन (CFC - 12) को संयुक्त रुपमा विस्थापन दर:

वर्ष (इस्वी सन्मा)	२०००	२००१	२००२	२००३	२००४	२००५	२००६	२००७	२००८	२००९	२०१०
CFC-11 र CFC-12 को संयुक्त (मे. टन)	२९.०५८	२६	२३	२०	१७	१४	११	८	५	२	०

(ख) क्लोरोडाइफ्लोरोमिथेन (HCFC - 22)

क्लोरोडाइफ्लोरोमिथेन (HCFC - 22) को वार्षिक पैठारी एवं उपभोगको परिमाण सन् २०१५ सम्मको लागि वार्षिक २३.०४ मेट्रिक टन कायम गरिएको छ । तत्पश्चात यस परिमाणमा वार्षिक रुपले क्रमशः विस्थापन गर्दै लगी सन् २०४० सम्ममा शून्यमा पुऱ्याइनेछ ।

(ग) प्रकरण (ख) मा उल्लिखित पदार्थको सन् २०१५ पछिको विस्थापन दर मन्ट्रियल प्रोटोकल अन्तर्गतका बैठकहरुद्वारा हुने संशोधनहरु अनुसार तोकिनेछ ।

(घ) ओजोन तहलाई नष्ट गर्ने अन्य पदार्थहरु:

हाल नेपालमा उपभोगमा रहेका ओजोन तहलाई नष्ट गर्ने अन्य पदार्थहरुको जम्मा उपभोग परिमाण न्यून रहेकोले यसको विस्थापन सन्दर्भमा प्रोटोकलका प्रावधानहरु अनुरुप जनसंख्या तथा वातावरण मन्त्रालयले तोके बमोजिम हुनेछ ।

३. यो सूचना प्रकाशन भएको मितिदेखि खण्ड १ को प्रकरण (क) र (ख) मा उल्लिखित ओजोन तहलाई नष्ट गर्ने पदार्थहरुको पैठारी जनसंख्या तथा वातावरण मन्त्रालयको सिफारिसमा श्री ५ को सरकारको सम्बन्धित निकायद्वारा जारी गरिएको आयात इजाजतपत्रको आधारमा मात्र गर्न सकिनेछ । यस्ता पदार्थहरुको पुनः निकासी हुन सक्ने छैन ।

४. यस सूचनाको खण्ड १ को प्रकरण (क) र (ख) मा उल्लिखित पदार्थहरुको सन् २००० को लागि पैठारी गर्न इजाजत पत्र दिइने निर्धारित परिमाणभित्र यो सूचना प्रकाशित भएको मितिसम्म नेपाल अधिराज्यभित्र पैठारी गरिएको परिमाणलाई समेत गणना गरिनेछ ।

५. यस सूचनामा उल्लिखित कुनै कुराका सम्बन्धमा कुनै द्विविधा भएमा त्यसमा जनसंख्या तथा वातावरण मन्त्रालयले स्पष्ट पार्ने छ ।

६. यस सूचनामा उल्लिखित पदार्थहरुको वार्षिक पैठारी र उपभोग नियमित गर्ने तथा यसको व्यवस्थापन, नियन्त्रण र अनुगमन इत्यादि संबन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,
डा. गोविन्दराज भट्ट
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।